पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : ५ २०७५ जेठ ५ गते

भाग २ अंक १

पोखरा लेखनाथ महानगरपालिकाको

## **“घ” बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभुत विशेषतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहीता, विश्वशनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरि पोखरा लेखनाथ महानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## १. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामवाट कसैले पनी सार्वजनिका निर्माण कार्य गर्न गराउन हुदैन ।

## २. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहाने निर्माण व्यवसायीले अनुसुची - १ वमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागी यस पोखरा लेखनाथ महानगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसुची ५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनियर /सब इन्जिनियर सहितको सदस्य भएको समितिवाट जाँचबुझ गराउनुपर्ने छ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिश सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागी कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने छ ।

(४) उपदफा (२) वमोजिम समितिको सिफारिश सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम पोखरा लेखनाथ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनूसुची- २ बमोजिमको दस्तुर लिई अनूसुची

- ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्ने छ ।

## ३. इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ वमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ वामोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा १ वमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानुन वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित महानगरपालिकावाट अनुसुची २ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्र नविकरण गर्न पोखरा लेखनाथ महानगरपालिकामा कागजात पेश गर्दा अनूसुची ४ बमोजिमको पासबुक भरी अघील्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण सहित अनूसुची ६ वमोजिमको निवेदन र अनूसुची-७ वमोजिमका कागजात संलग्न राखी पेश गर्नुपर्ने छ । यसरी अनूसुची ४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने र अनूसुची ७ वमोजिमका कागजात पेश नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न महानगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा २ वमोजिमको म्याद नाघेको ६ महीनाभित्र सवै प्रक्रिया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहाने निर्माण व्यवसायीले नविकरण माग गरेमा अनूसुची २ वमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय

अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछ।

## ४.इजाजतपत्रको खारेजी :

**(१)** देहायको अवस्थामा महानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणीत भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्धेश्यले नेपाल सरकार तथा संगठीत संस्थामा झुट्ठा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको संम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा संझौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा

(२) उपदफा १ बमोजिम इजाजतपत्र खारेज गर्नु अघी सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ।

(३) दफा (३) को उपदफा (३) को म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वत : खारेज हुनेछ।

(४) उपदफा (१) वा (३) वमोजिम इजाजतपत्र खारेज भएकोमा महानगरपालिकाले त्यसको जानाकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

**(५)इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणवाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनूसुची २ वमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**(६) नामा सारी गर्ने व्यवस्था :**

कुनै फर्म वा कम्पनी सो फर्म वा कम्पनीको प्रोप्राइटरले विक्री गर्न चाहेमा वा अन्य व्यक्तिले खरिद गर्न चाहेमा खरिद गर्ने प्रोप्राइटरले अनुसुची ५ वमोजिमको व्यवस्थापन र अनुसुची २ वमोजिमको राजश्व दाखिला गरेपछी इजाजतपत्र नामसारी गरिदिनुपर्नेछ ।

(७) प्रचलित कानून वमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै वमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**(८) बचाउ :**

यस अघी प्रचलित कानून वमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्वन्धि फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि वमोजिम दिइएको मानिनेछ ।

अनूसुची -१

कार्यविधिको दफा (२) को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागी दिइने दरखास्त

| |
|---|
| दरखास्तवालाको फोटो |

**विषय : ईजाजतपत्र पाउँ भन्ने वारे ।**

**श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,**
**पोखरा लेखनाथ महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय,न्यूरोड पोखरा ।**

यस पोखरा लेखनाथ महानगरपालिका कार्यालयको कार्यविधि २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउँन निम्न बिवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नाम : ठेगाना : पोष्टवक्स:

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति:

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | |
| साझेदारी | |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको

नाम : ठेगाना : पोष्टवक्स:

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं. : दर्ता मिति : अधिकृत पूँजी :

जारी पुँजी दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजत पत्र लिन चाहेको वर्ग : "घ" वर्ग

६. सामुहिकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोत विवरण :

| | रकम | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टैपेश गर्न सकिनेछ ।

## कामदारको विवरण

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धि साधन मेशिनको औजारको विवरण :

| सि. नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात दर्ता प्रमाणपत्र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भने मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्छ ।

यस अघी सम्पन्न गरेको कामको विवरण :-

| सि. नं. | निर्माण सम्वन्धि कामको प्रकृती | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था। प्रगती प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे कानून

वमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको :-

सहि :

नाम थर :

ठेगाना :

मिति :

सम्पर्क मो.नं. /टे.फो.नं. :

## अनूसुची -२

कार्यविधिको दफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) संग सम्वन्धित

ईजाजतपत्रको लागी लाग्ने शुल्क/दस्तुर

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर | निवेदन दर्ता दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | "घ" | २५,००० | ३,००० | ६,००० | १,००० | १,००० |
| | | | | | | |

द्रष्टव्य :-

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि, कार्यविधि २०७५, को दफा (३) को उपदफा (२ँ) वमोजिमको म्यादभित्र इजाजतपत्र नविकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ।

## अनूसुची -३

कार्यविधिको दफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) संग सम्वन्धित

# ईजाजतपत्र

ईजाजतपत्र नं.................. मिति : .................

पोखरा लेखनाथ महानगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,न्यूरोड, पोखरा ।

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि, २०७५ को दफा (२) को उपदफा (४) वमोजिम निर्माण व्यवसाय गर्न , ............................ ...........................................................................................स्थित कार्यालय भएको.......................................................................... .......... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको :-

दस्तखत :-

नाम :-

“घ”

पद :-

मिति :-

कार्यालय :-

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनूसुची -४

## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर(%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकरीको विवरण | समयावधि थप विवरण ( यदि भएमा) | Variation विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्क्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम :<br>ख) संझौता मिति :<br>ग) ठेक्का अवधि :<br>:<br>घ) छाप : | क) नाम :<br>ख) पद :<br>ग) हस्ताक्षर :<br>घ) छाप : | क) थप समय :<br>क) नाम :<br>ख) पद :<br>ग)हस्ताक्षर :<br>घ) छाप : | क) Variation पछीको Contract Amount<br>...................<br>क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम<br>...................<br>ख) पद :<br>................<br>ग) हस्ताक्षर :<br>..............<br>घ) छाप :<br>.............. | | | |

अनूसुची-५

“घ” वर्गको निर्माण व्यवसायीको लागी आवश्यक योग्यता :

१. आर्थिक क्षमता प्राइभेट वा पव्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तिर्ण एकजना प्राविधिक, कुनै पनी विषयमा प्रमाणपत्र तह उत्तिर्ण एकजना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तिर्ण एकजना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३.मेशिन र उपकरण :

(क) ट्रिपर/ट्याक्टर : एक (१) /एक (१) थान

(ख) मिक्सर : (१) एक थान

(ग) Theodolite/ Level Machine: (१) एक सेट

(घ) वाटर पम्प : ३ (तिन) थान

(ङ) भाईब्रेटर :३ ( तिन) थान ।

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामीत्वको प्रमाणपत्रका साथै विमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२.माथी उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षीक योग्यता भएको नेपाल

ईन्जिनियर्स एशोसेसनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिले प्रमाणीत गरेको  हुनु पर्नेछ ।

३. माथी उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म वेचविखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्षभन्दा वढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धी तथा नयाँ दर्ता हुने प्रयोजनको लागी मान्य हुने छैन ।

५.  फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामीत्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र एकीकृत कर तिरेको रसिद । र घर जग्गा भाडामा भएमा एकीकृत कर र घर वहाल कर तिरेको रसिदको प्रमाणीत प्रतिलिपि ।

# अनूसुची - ६

कार्यविधिको दफा (३) को उपदफा (२) सँग सम्वन्धित :

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
पोखरा लेखनाथ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, पोखरा ।

**विषय : इजाजत नविकरण गरिपाउँ भन्ने वारे ।**

यस पोखरा लेखनाथ महानगरपालिका कार्यालयको कार्यविधि २०७५ वमोजिम निर्माण व्यवसाय संचालन गर्ने इजाजतपत्र नविकरणको गर्नको लागी देहाय वमोजिमको विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

**१.निर्माण व्यवसायी (फर्म वा कम्पनी ) को :-**

क. नाम :-

ख. ठेगाना :-

ग. पोष्ट बक्स :-

घ.फ्याक्स नं. :-

च. ईमेल : -

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :-**

क. नाम :-

ख. ठेगाना :-

३. निर्माण व्यवसायीको :-

क. प्रमाणपत्र नं. :-

ख. दर्ता नं. :-

ग.इजाजतपत्र नं. :-

घ. इजाजतपत्र जारी भएको मिति :-

ङ इजाजतपत्र जारी गर्ने कार्यालय :-

**५.नेपाल निर्माण व्यवसायी महासंघको**

क. सदस्यता नं. :-

ख. नविकरण मिति :-

**६. नियुक्त कर्मचारीको विवरण :**

१. नाम :.............................. पद ......................... मो.नं. :..............

२. नाम :.............................. पद ......................... मो.नं. :..............

३. नाम :.............................. पद ......................... मो.नं. :..............

**७.घर भाडामा भए**

१. जग्गाधनीको नाम :............ वडा नं. ......कि.नं...........संकेत नं. :......

**८. इजाजत नविकरण दस्तुर/थप नविकरण दस्तुर वापत**

रु ....................अक्षरुपी ..................................... जम्मा गरेको ............................... बैंक को सक्कल/कम्प्युटर रसिद नं. सक्कल यसै साथ संलग्न छ ।

**९. यस दरखास्त फाराममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक छ । झुट्टा ठहरे कानुन वमोजिम सहुँला बुझाउँला ।**

निर्माण व्यवसायीको छाप :

निर्माण व्यवसायीको तर्फवाट दरखास्त दिनेको :

नाम :

पद :

दस्तखत :

मिति :

अनूसुची - ७

## कार्यविधिको दफा (३) को उपदफा (२) सँग सम्वन्धित :
## "घ" वर्गको इजाजतपत्र नविकरण गर्दा पेश गर्नुपर्ने कागजातहरु :

१. निवेदकको तोकिएवमोजिमको निवेदन र ना.प्र.प. को प्रमाणीत प्रतिलिपि ।

२. उद्योग दर्ता पमाण पत्र/पान (एब्ल) दर्ता प्र.प.को प्रमाणीत प्रतिलिपि ।

३. जनशक्ति विवरण : ३ (तीन) जना : नियुक्त गरेको वा म्याद थप को कागजात ।

(१. सिभिल ई.विषयमा ओभरसियर वा सो वरावर योग्यता पुगेको - एकजना ।

(२. जुनसुकै विषयमा प्रमाण पत्र तह वा सो वरावर योग्यता पुगेको - एकजना ।

(३. बाणिज्यशास्त्रमा प्रमाण पत्र तह वा सो वरावर योग्यता पुगेको - एकजना ।)

४. विमा गरेको कागजात ।

५. निम्न मेशिन तथा उपकरणहरु चालु अवस्थाम रहेको भनी मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको कागजात ।

क) ट्रिपर/ट्याक्टर : एक (१) /एक (१) थान ,

(ख) मिक्सर : एक(१) थान

(ग) Theodolite/ Level Machine : एक(१) सेट

(घ) वाटर पम्प : ३ (तिन) थान

(ङ) भाईब्रेटर :३ ( तिन) थान ।

६. कम्तिमा रु पाँच लाख मौज्दात रहेको कम्पनीको नाउको हालैको बैंक स्टेटमेन्ट ।

७. कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि ।

८. एकिकृत कर तिरेको रसिदको प्रमाणीत प्रतिलिपि ।

९. घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिद को निस्सा वा प्रमाणीत प्रतिलिप ।

१०. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि, कार्यविधि २०७५, को दफा (३) को उपदफा (२) र उपदफा (३) वमोजिमको म्यादभित्र इजाजतपत्र नविकरण गर्नुपुर्व सम्वन्धित फर्म/कम्पनीहरुको कार्यालयको र उक्त कम्पनीमा नियुक्त कर्मचारी तथा मेशिनरी उपकरणहरुको समेत स्थलगत निरिक्षण र अनुगमन गर्नपर्ने आवश्यक ठानेमा प्रमूख प्रशासकीय अधिकृतले अनुगमन निरिक्षण समेत गर्न सक्नेछ। त्यसरी अनुगमन निरिक्षण गर्दा त्यस्ता फर्म/कम्पनीहरुले ईजाजतपत्र प्राप्त गर्दाका बखत पेश गरेका डकुमेन्ट वा माथी ३, ४, र ५ नं. बमोजिमको व्यवस्थापन भएको नदेखिएमा त्यस्तो फर्म/कम्पनी/व्यवसायीको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण गर्न महानगरपालिका वाध्य हुने छैन ।

**प्रमाणीकरण मितिः २०७५।०२।०४**

**राजपत्रमा प्रकाशित मितिः २०७५।०२।०७**

आज्ञाले,

दीर्घनारायण पौडेल

प्रमुख प्रशासकीय अधिकृत